# जिल्ला सभाको काम, कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन गर्न तथा जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्न तथा जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गरी सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्न र जिल्ला सभाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश व्यवस्थापिका (प्रदेश सभा) ले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "जिल्ला सभा ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रमुख" भन्नाले जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ख) "उप प्रमुख" भन्नाले जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(घ) "जिल्ला सभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख तथा जिल्ला समन्वय समितिका सदस्य सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले जिल्ला सभाको जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यलाई समेत जनाउँछ ।

(च) "जिल्ला समन्वय अधिकारी" भन्नाले जिल्लासभाको जिल्ला समन्वय अधिकारी सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्थानीय तह हेर्ने मन्त्रालय सम्झनु पर्छ । यस शब्दले प्रदेश सरकारको स्थानीय तह मामिला हेर्ने मन्त्रालय समेतलाई सम्झनुपर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ञ) "ऐन" भन्नाले जिल्ला सभा ऐन, २०७४ सम्झनुपर्छ ।

## परिच्छेद २
## जिल्लासभाको वर्गीकरण, काम, कर्तव्य र अधिकार

३. **जिल्लासभाको वर्गीकरण**: (१) प्रदेश सरकारले जिल्लाको जनसंख्या, भौगोलिक अवस्था, मानव विकास सूचकांक, स्थानीय उत्पादन, ऐतिहासिकता, भौतिक पूर्वाधारको अवस्था, प्राकृतिक, पर्यटकीय, सामाजिक तथा सांस्कृतिक विशिष्ठताका आधारमा प्रदेशभित्रका जिल्लाहरुलाई वर्गीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम वर्गीकरण गरिएका जिल्लाको विशिष्ठताको प्रवर्द्धन तथा प्रोत्साहित गर्न प्रदेश सरकारले जिल्लासभालाई विशेष कार्यक्रम र बजेट उपलव्ध गराउनेछ ।

४. **जिल्लासभाको काम, कर्तव्य र अधिकार** (१) नेपालको संविधानको धारा २२० को उपधारा (७) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

**क. विकास कार्यमा समन्वय**

१. जिल्लाको समग्र विकास सम्बन्धी जिल्लास्तरीय नीति, कार्यविधि, मापदण्ड, तर्जुमा, कार्यान्वय, अनुगमन र नियमन गर्ने,

२. जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आर्थिक, सामाजिक, प्रविधि र पूर्वाधार, वस्ति विकास, पर्यटन विकास, संस्थागत तथा वातावरणीय विकास र सुशासन क्षेत्रका आयोजना परियोजनाहरुको पहिचान, अध्ययन, अनुसन्धान, प्रभाव मूल्याङ्कन तथा लगानीको रणनीतिक योजना तर्जुमा गर्न नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

३. जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने

४. सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवं सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबीच एकीकृत योजना प्रक्रिया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्य सम्पादनका लागि आवश्यक समन्वय गर्ने,

५. जिल्लाभित्रको प्राकृतिक स्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्यांकन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्तर गाउँपालिका र नगरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनमा समन्वय गर्ने,

६. जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा स्थानगत, समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान एवं अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने,

७. जिल्लाको समग्र विकासका लागि विभिन्न बिषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने,

८. जिल्लाभित्र सञ्चालित सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

९. जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकुद प्रतियोगिता कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रबर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक प्रतिष्पर्धा प्रोत्साहित गर्ने ।

**ख. अनुगमन कार्य**

१. विद्युतिय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना र संचालन गर्ने,

२. जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका बिषयगत कार्यालयहरुबाट भइरहेका चालू योजना र कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष प्राप्तिमा योगदान भए नभएको तथा सेवाको गुणस्तरीयता र समयमै हुने गरेको बिषयमा अनुगमन गरी नेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन गर्ने,

३. गाउँपालिका र नगरपालिकाको देहायका बिषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव र निर्देशन दिने,

   क. गाउँपालिका तथा नगरपालिकाबाट संवैधानिक तथा कानुनी परिपालनको बिषय
   ख. विकास योजना सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता, प्रक्रिया र समयसीमाको परिपालनाको बिषय
   ग. वित्तीय व्यवस्थापन तथा प्रभावकारिताको बिषय
   घ. सुशासन प्रवर्द्धनको बिषय
   ङ. पदाधिकारीबीचको सुमधुर अन्तरसम्वन्धको बिषय

४. जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्टिय गैर सरकारी संघसंस्था, बिषयक्षेत्रगत सञ्जालबाट सञ्चालन भइरहेका चालू योजना र कार्यक्रमहरुमा स्थानगत, बिषयक्षेत्रगत लगायतको सन्तुलन भए नभएको तथा कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी आवश्यक निर्देशन दिने,

५. जिल्लाको समग्र र सन्तुलित विकासका लागि अन्य अनुगमन कार्य गर्ने ।

६. अनुगमनको लागि आवस्यक पर्ने बिज्ञ जनशक्तिको स्थायी व्यवस्था गने तथा आवस्यकता अनुसार सेवा करार लिने

**ग. सूचना, तथ्यांक तथा अभिलेख व्यवस्थापन कार्य**

१. जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

२. जिल्ला स्रोत केन्द्रको स्थापना, वहुआयामिक जिल्लास्तरीय संग्राहलयको स्थापना र सञ्चालन,

३. जिल्ला तहमा अभिलेख व्यवस्थापन सम्बन्धी नीति, नियम, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने,

४. नवीनतम सूचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र जिल्ला पार्श्वचित्र, जिल्लाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणालीको अद्यावधिक गर्ने,

५. जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख गर्ने,

६. जिल्लाभित्र सम्पन्न भएका तथा सञ्चालित चालू विकास आयोजना तथा परियोजनाको लगत राख्ने,

७. जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखिकरण गर्ने,

८. जिल्लाभित्रका स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत विवरण संकलन तथा व्यवस्थापन गरी आवश्यकता अनुसार नेपाल सरकार र प्रदेश सरकारमा प्रतिवेदन गर्ने,

९. जिल्लाभित्रको पञ्जीकरणसँग सम्वन्धित सूचनाहरु अभिलेखन गर्ने,

१०. जिल्लास्तरी अन्य आवश्यक तथ्यांक तथा सूचनाको संकलन तथा अभिलेख गर्ने ।

घ. **क्षमता विकास कार्य**

१. गाउँपालिका तथा नगरपालिकाको आवश्यकता माग वमोजिमका बिषयक्षेत्रमा क्षमता विकास योजना तर्जूमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने,

२. जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

३. गाउँपालिका तथा नगरपालिकामा दीगो विकासका लक्ष्यसँग सम्वन्धित सूचना, शिक्षा र क्षमता विकास गतिविधी संचालन गर्ने,

४. जिल्लाको विशिष्ठता अनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्न आवश्यक ज्ञान सीप अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने,

५. राजश्वका क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरी त्यस्तो स्रोतको महत्तम परिचालनका लागि गाउँपालिका तथा नगरपालिकालाई तालिम, अभिमुखिकरण प्रदान गर्ने एवं प्रोत्साहन गर्ने,

६. जिल्लास्तरीय विभिन्न सञ्जालहरुको संस्थागत क्षमता विकास सम्वन्धी कार्य गर्ने

**ङ. व्यवस्थापनमा सहजिकरण कार्य**

१. जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरु जिल्लासभामार्फत साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा संचालन गर्न सहजिकरण तथा आवस्यक समन्वयको कार्य गर्नेछ ,

क. जिल्लास्तरीय यातायातको सञ्चालन तथा व्यवस्थापन, नीति, मापदण्ड, अनुगमन, नियमन

ख. आधारभूत तथा माध्यमिक तहको प्रविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

ग. फोहरमैला बिसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

घ. बृहत पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

ङ. बस्ती विकास तथा भूउपयोग योजना,

च. पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

छ. दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

ज. असल अभ्यास र अनुभवको आदान प्रदान,

(२) उपदफा (१) को खण्ड वमोजिमको संयुक्त व्यवस्थापन गर्न लाग्ने खर्च सम्वन्धित गाउँपालिका तथा नगरपालिकाले जिल्लासभालाई उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) को अतिरिक्त जिल्लासभाको काम, कर्तव्य र अधिकार नेपाल सरकार र प्रदेश सरकारले तोके वमोजिम हुनेछ ।

५. **जिल्ला समन्वय समितिको कार्य विभाजन र कार्यसम्पादन :** (१) जिल्ला समन्वय समितिको कार्यविभाजन तथा कार्यसम्पादन जिल्ला समन्वय समितिले वनाएको कार्यविभाजन तथा कार्यसम्पादन नियमावली वमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिमको कार्यविभाजन तथा कार्यसम्पादन नियमावली वमोजिम जिल्ला समन्वय समितिको सङ्गठन संरचना (महाशाखा, शाखा, इकाइ) र पदाधिकारीको काम, कर्तव्य र अधिकार समेत निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिमको संगठन संरचना वमोजिम संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सो अनुसारको कर्मचारीको दरबन्दी निर्धारण गर्नुपर्नेछ ।

६. **समिति, उपसमिति, कार्यदल गठन गरी कार्य गर्न सक्ने**: (१) जिल्ला समन्वय समितिले आफ्नो कार्य सम्पादन गर्न विभिन्न बिषयगत समिति, उपसमिति, कार्यदल गठन गरी काम गर्न सक्नेछन ।

(२) उपदफा (१) वमोजिमको विभिन्न समिति, उपसमिति, कार्यदलको काम,कर्तव्य र अधिकारक्षेत्र सम्वन्धी अन्य व्यवस्था जिल्ला समन्वय समितिले तोके वमोजिम हुनेछ ।

७. **योजना वनाई लागू गर्ने**: (१) जिल्ला समन्वय समितिले बार्षिक अनुगमन तथा समन्वय योजना वनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम योजना वनाउँदा गाउँपालिका, नगरपालिका, जिल्लास्थित संघीय तथा प्रदेश कार्यालय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा महिला, दलित, वालवालिका, अपाँगता भएका व्यक्ति लगायतका समूह सञ्जालहरुको सहभागिता गराई गराउनु पर्नेछ ।

८. **समीक्षा गर्ने**: (१) जिल्ला समन्वय समितिले चौमासिक र बार्षिक रुपमा जिल्लासभाको बैठक आयोजना गरी गाउँपालिका, नगरपालिका तथा गैर सरकारी संघसंस्थाबाट सञ्चालित विकास कार्यको समीक्षा गर्नुपर्नेछ ।

(२) जिल्ला समन्वय समितिले बार्षिक समीक्षा गर्दा जिल्लाबाट संघीय संसद र प्रदेशसभाका सदस्यहरुलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम समीक्षा गर्दा सरोकारवाला निकाय तथा संघ संस्थाका प्रतिनिधिहरुलाई सहभागी गराउनु पर्नेछ ।

९. **विवाद समाधानमा सहजीकरण** (१) जिल्ला समन्वय समितिले दुई वा सोभन्दा वढी गाउँपालिका र नगरपालिकाबीचको प्राकृतिक स्रोत साधनको उपयोग र सार्वजनिक सम्पदाको उपयोगसँग सम्वन्धित विवाद समाधान गर्न विवादसँग सम्वन्धित गाउँपालिका वा नगरपालिकाबाट माग भई आएमा दुवै पक्षबीच आपसी सम्वादका माध्यमबाट विवाद समाधान गर्न आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सहजीकरण गर्दा मान्यताप्राप्त मेलमिलापकर्ताको सहयोग लिन सकिनेछ र यसबाट पनि विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद समाधानका लागि जिल्ला सभाको वैठकमा छलफल गराई मेलमिलाप गराउन सकिनेछ ।

(३) उपदफा (२) वमोजिम मेलमिलाप हुन नसकेमा विवाद निरुपणका लागि प्रदेश सरकारमा लेखि पठाउनु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम प्रदेश सरकारमा लेखि आएको विवाद निरुपणका लागि विवादित गाउँपालिका वा नगरपालिका र सम्वन्धित जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको निरुपण गरिनेछ ।

## परिच्छेद ३
## जिल्लासभाको वित्तीय अधिकार र आर्थिक प्रशासन

१०. **जिल्ला सभाबाट पारित नगरी दस्तुर, शुल्क, दण्ड, जरिवाना लिन नपाउने:** जिल्ला समन्वय समितिले जिल्लासभाबाट पारित नगरी आफूले गर्ने अनुमति, नवीकरण, सिफारिसको दस्तुर, सेवा शुल्क लगाउन वा कुनै पनि दण्ड जरिवाना लगाउन र उठाउन पाउने छैन ।

(२) जिल्ला सभाले दस्तुर, शुल्क दण्ड जरिवाना लगाउने लगायत जिल्ला सभाको बार्षिक कार्यक्रम तथा बजेट प्रत्येक बर्षको असार मसान्तभित्र पारित गरिसक्नु पर्नेछ ।

११. **राजस्व बाँडफाँटवापत रकम प्राप्त गर्ने:** (१) जिल्लासभालाई प्रदेश र गाउँपालिका तथा नगरपालिकाको साझा अधिकारक्षेत्रका देहायका करका श्रोतको देहाय बमोजिमको राजश्व बाँडफाँटको अंश उपलब्ध गराइनेछः

क. पर्वतारोहण, विद्युत वन, खानी तथा खनिज, पानी तथा प्राकृतिक श्रोतको संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने राजश्वको ५ प्रतिशत

ख. घरजग्गा रजिष्टेसन तथा सवारी साधन करको प्रदेश तथा गाउँपालिका र नगरपालिकाबीच बाँडफाँवड हुने राजश्वको १० प्रतिशत

(२) जिल्लासभालाई संघ, प्रदेश र स्थानीय तहले भ्याट तथा आन्तरिक उत्पादनबाट राजस्व बाँडफाँड वापत प्राप्त हुने राजस्व रकमको २ प्रतिशत रकम ।

१२. **जिल्लासभाको कोष:** (१) जिल्लासभाको एक सञ्चित कोष रहनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकम जम्मा गरिनेछ ।

(क) आफूले उठाएको दस्तुर, सेवा शुल्क, दण्ड र जरिवाना वापत प्राप्त रकम,
(ख) आफ्नो नाममा रहेको चल अचल सम्पत्तिको परिचालनबाट प्राप्त रकम,
(ग) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,
(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिकाबाट कानुन वमोजिम राजश्व बाँडफाँड वापत प्राप्त रकम,
(ङ) कुनै व्यक्ति, सङ्घ वा संस्थाबाट प्राप्त रकम,
(च) राष्ट्रिय प्राथमिकताको आधारमा जिल्ला समन्वय समितिको लागि नेपाल सरकारले विदेशी सरकार, निकाय, सङ्घ संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम,
(छ)) गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम,
(ज) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (२) वमोजिमको रकम कुनै बैकमा खाता खोली जम्मा गरिनेछ र त्यस्तो रकम जिल्लासभाले स्वीकृत गरेको कार्यक्रम तथा विनियोजित बजेट शीर्षकमा खर्च खातामा निकासा गरेर खर्च गर्न सकिनेछ ।

(४) उपदफा (३) वमोजिम खर्च खातामा निकासा भएको रकम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेमा बाँकी रकम आर्थिक वर्षको अन्त्यमा जिल्ला सभाको सञ्चित कोषमा स्वतः जम्मा हुनेछ ।

१३. **आय व्ययको लेखा:** जिल्लासभाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वगीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्नेछ ।

(३) जिल्लासभाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण महालेखा परिक्षकको कार्यालयले तोके बमोजिम हुनेछ ।

१४. **सार्वजनिक खरिदः** जिल्लासभाले सङ्घीय सार्वजनिक खरिद ऐन र नियम बमोजिम खरिद गर्नु पर्नेछ ।

## परिच्छेद ४
## विविध

१५. **तथ्यांक तथा सूचना दिनुपर्नेः** (१) यस ऐन वमोजिम जिल्ला सभाले माग गरेका जिल्लाको सन्तुलित विकास, समन्वय र अनुगमन सम्वन्धी तथ्यांक, सूचना उपलब्ध गराउनु गाउँपालिका, नगरपालिका, जिल्लास्थित संघीय एवं प्रदेश कार्यालय, गैर सरकारी तथा सामुदायिक संघसंस्था र निजी क्षेत्रको कर्तव्य हुनेछ ।

(२) जिल्लासभाबाट माग भएका सूचना सकेसम्म जिल्लासभाले तोकेको ढाँचामा उपलव्ध गराउनु पर्नेछ ।

१६. **लेखि पठाउने** : (१) जिल्ला समन्वय समितिले अनुगमन तथा समीक्षाबाट देखिएका कमी कमजोरी सच्याउन सम्वन्धित निकायलाई लेखि पठाउनेछ ।

(२) जिल्ला समन्वय समितिले अनुगमन गर्दा कुनै निकायबाट सञ्चालित विकास कार्यक्रममा अनियमितता भएको वा प्रचलित कानूनको पालना नभएको देखिएमा सो विषयसँग सम्वन्धित उपलब्ध कागज प्रमाण सहित कानुन वमोजिमको निकायमा आवश्यक कानुनी कारवाहीका लागि लेखि पठाउन सक्नेछ ।

१७. **सुझाव, मार्गदर्शन र निर्देशन दिनसक्ने :** (१) जिल्लासभाले यस ऐन वमोजिम जिल्लाको सन्तुलित विकास गर्न, समन्वय प्रवर्द्धन गर्न र अनुगमनबाट देखिएका बिषयमा आवश्यक सुधार र परिपालना गर्न गाउँपालिका, नगरपालिका, जिल्लास्थित संघीय एवं प्रदेश कार्यालय, गैर सरकारी तथा सामुदायिक संघसंस्था र निजी क्षेत्रलाई आवश्यक सुझाव, मार्गदर्शन र निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको सुझाव, मार्गदर्शन र निर्देशनको पालना गर्नु सम्वन्धित निकाय, कार्यालय तथा संघसंस्थाको कर्तव्य हुनेछ ।

१८. **प्रतिवेदन गर्ने :** (१) जिल्ला समन्वय समितिले चौमासिक तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई आफ्नो काम कारबाहीको सम्बन्धमा भएका गतिविधि, अध्ययन, अनुसन्धान, अनुगमनको प्रतिवेदन गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको प्रतिवेदनले औल्याएका सुझाव कार्यान्वयन गर्न नेपाल सरकार र प्रदेश सरकारले सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिनुका साथै सोको कार्यान्वयन गर्न जिल्ला समन्वय समितिलाई आवश्यक स्रोत साधन सहित सहयोग गर्नुपर्नेछ ।

१९. **सहयोग गर्नुपर्ने :** जिल्ला समन्वय समितिले दिएको सुझाव तथा निर्णय कार्यान्वयन गर्न नेपाल प्रहरी, प्रदेश प्रहरी र गाउँपालिका तथा नगरपालिकाको नगर प्रहरीले आवश्यक सहयोग गर्नु पर्नेछ ।

२०. **सार्वजनिक गर्ने :** (१) जिल्ला समन्वय समितिले आफ्नो बार्षिक योजना, आय, व्ययको विवरण, कार्यान्वयन योजना, अध्ययन, अनुसन्धान तथा अनुगमन प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(२) जिल्ला समन्वय समितिले कानुन वमोजिम दिएका सुझाव, मार्गदर्शन, निर्देशनलाई आवश्यकता अनुसार सार्वजनिक गर्नसक्नेछ ।

२१. **संक्रमणकालीन व्यवस्थाः** (१) जिल्लासभामा साविकमा कायम रहेका सवै प्रकारका आम्दानी जिल्लासभाको कोषमा आम्दानी गरी बार्षिक योजना तथा कार्यक्रम बमोजिम खर्च गरिनेछ ।

(२) साविक जिल्ला विकास समितिको नाममा रहेका चल अचल सम्पत्ति जिल्लासभाको नाममा स्वतः हस्तान्तरण हुनेछ ।

(३) साविक जिल्ला विकास समितिबाट हस्तान्तरण भई आएका योजना तथा कार्यक्रमहरु जिल्लासभाबाट सञ्चालन तथा सम्पन्न गरिनेछ ।

२२. **निति, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** (१) जिल्ला समन्वय समितिले यस ऐनको कार्यान्वयन गर्न आवश्यकता अनुसार नीति, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेछ ।

(२) जिल्ला समन्वय समितिले उपदफा (१) वमोजिम वनाएको नीति, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड जिल्ला समन्वय समितिको वेव साईट, जिल्ला सूचना तथा अभिलेख केन्द्र र गाउँपालिका नगरपालिकामार्फत सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ ।

मस्यौदा